फोन नं. ९८५४०४५३४२

# फिक्कल गाउँपालिका
**Phikkal Rural Municipality**
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of Rural Municipal Executive**
खाङसाङ, सिन्धुली
Khangsang, Sindhuli

बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

**प.स.(Ref.No.) :-** २०८२/०८३
**च.नं.(Dispatch No.) :-**

**सूचना ।　　　　सूचना ॥　　　　सूचना ॥।**

## सूचना प्रथम पटक प्रकाशित मिति २०८२ चैत २० गते ॥

फिक्कल गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना (CBR)सहयोग कार्यक्रमको लागि रु.५ लाख वजेट रहेको र **अपाङ्गता व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि,२०८० को बुदाँ नं ६(२) तथा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६** बमोजिम सेवा प्रदायक संस्था मार्फत कार्यक्रम संचालन गर्नु पर्ने व्यवस्था बमोजिम अपाङ्गताको क्षेत्रमा काम गर्ने अपाङ्गता भएकाहरुको संस्थाहरुसँग साझेदारीमा कार्य गर्नको लागि **१५ दिने म्याद राखी सूचना प्रकाशित गरिएको छ ।** ईच्छुक गैर सरकारी संस्थाहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र गाउँपालिकाको सामाजिक विकास शाखामा कार्यालय समय भित्र तपसिलमा उल्लेखित बमोजिमको कागजातहरु संलग्न गरी खामबन्दी प्रस्ताव पेश गर्न हुन जानकारी गराईन्छ । प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र प्रस्ताव पेश गर्न सकिने छ । समयावधि समाप्त भई आएको र रित नपुगि आएको प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ । साथै प्रस्ताव पेश गर्दा उल्लेखित विषयमा कार्यक्रम संचालन गर्ने उल्लेख गरिएको हुनु पर्ने छ ।

१. सहायक सामाग्री चाहिने अपाङ्गता भएका व्यक्तिहरुको प्राविधिक नापजाँच सहितको तथ्याङ्क संकलन गर्ने ।
२. अपाङ्गता व्यक्तिहरुको पहिचान पश्चात आवश्यक सामाग्रीहरु वितरण गर्ने । **(आवश्यक सामाग्रीहरुको संख्या सम्झौतामा उल्लेख गरिने छ ।)**

तपसिल :
१.अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्वन्धी कागजात
२.संस्था दर्ता प्रमाण-पत्र,स्थायी लेखा नम्वर (PAN) प्रमाण पत्र,संस्थाको विधान,प्रशासनिक र आर्थिक नियमावलीको प्रतिलिपी ।
३.समाजकल्याण परिषदमा आवद्धताको प्रमाण पत्र ।
४.गतवर्षको वार्षिक प्रतिवेदन,लेखापरीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्र ।
५.संस्थाको भौतिक पूर्वाधार दर्शाउने कागजातहरु ।
६.कार्यक्रमको लागि संस्थाले साझेदारी गर्न सक्ने वजेटको प्रतिवद्धता पत्र ।
७.प्रस्ताव पेश गर्ने संस्थागत निर्णय ।

डम्बर बहादुर रजन मगर
प्रमुख प्रशासकीय अधिकृत